नेपाल सरकार

सञ्चार तथा सुचना प्रविधि मन्त्रालय

हुलाक सेवा विभाग

# नेपाल हुलाकबाट उपलब्ध सेवाहरु:

१. **साधारण र रजिष्ट्री चिठ्ठीपत्र आदानप्रदान** (Simple and Registry Letters Dispatch): देशभित्र तथा देश बाहिर समेत संचालित यो सेवा आन्तरिक तर्फ ७७ जिल्लाहरु तथा वैदेशिक तर्फ विभिन्न देशहरुमा साधारण, रजिष्ट्री चिठ्ठी पत्र लगायत हुलाक वस्तुहरु आदान प्रदान गर्ने कार्य प्राप्त गर्न सकिने ।

२. **द्रुत डाँक सेवा** (EMS : Express Mail service): स्वदेश तथा बिदेशमा संचालित उच्च गतिमा तोकिएको समयसीमा भित्र ग्यारेन्टीका साथ हुलाक वस्तु डेलिभरी गर्ने सेवा अन्तरगत रहेको छ। यो सेवा व्यक्तिगत तथा संस्थागत कागजात र सामानका साथै व्यापारिक वस्तुहरुको समयमै डेलीभरी (वितरण) गर्ने सेवा हो। हाल विश्वका सम्पूर्ण देशहरुमा संचालनमा रहेको छ। नेपालभित्र आन्तरिक रुपमा हवाईमार्ग तथा सतही मार्ग मार्फत EMS सेवा संचालनमा रहेको छ। ईएमएस सञ्चालन भएको जिल्लाहरु क्रमशः काठमाडौं, भक्तपुर, ललितपुर, कास्की, मोरङ, धनुषा, बारा, पर्सा, रुपन्देही, बाँके, पर्वत, स्याङ्जा, तनहु, सुनसरी, ससरी, सिराहा, महोत्तरी, रौतहट, चितवन, बर्दिया, सुर्खेत, कञ्चनपुर, नवलपरासी पश्चिम, कपिलवस्तु, कञ्चनपुर, कैलाली, नवलपरासी पुर्व लगायत जिल्लामा EMS सेवा पाप्त गर्न सकिने ।

३. **पोष्ट बक्स** (Post Box ) **सेवा**: यो हुलाक कार्यालयहरुमा रहेको वन्द गरिएको मेल वक्स सेवा हो। जुन व्यक्ति वा व्यवसायले निजी र सुरक्षित रूपमा मेल प्राप्त गर्न भाडामा लिन सक्छ। घर वा व्यवसायको ठेगानामा मेल प्राप्त गर्नुको सट्टा, ग्राहकहरूले हुलाक कार्यालयको पोष्ट वक्स नम्वरलाई आफ्नो मेलिङ ठेगानाको रूपमा प्रयोग गर्ने हुँदा यसले आफ्नो सामाग्री लिन सहज बनाएको छ। यस सेवाको प्रयोगबाट सेवाग्राहीले सुविधा, सुरक्षा र गोपनीयता प्रदान गर्दछ। पोष्ट वक्स सेवा लिन नजिकैको हुलाक कार्यालयमा गई नयाँ दर्ता गरी लिन सकिन्छ भने पुरानो नविकरण गरी सुचारु पनि गर्न सकिन्छ। यसबाट सेवाग्राहीले आफ्नो चिठ्ठी पत्रहरु सम्बन्धित हुलाक कार्यालयबाट सहजै पोष्टवक्स मार्फत लिन सक्ने व्यवस्था मिलाइएको हुन्छ।

CamScanner

४. **घुम्ती सेवा तथा Same Day Delivery** : हुलाक सेवा मार्फत काठमाडौं उपत्यका भित्र २४ घण्टाभित्र हुलाक वस्तु पुग्ने गरी हुलाक वस्तुको दर्ता तथा वितरण सेवा लिन सकिने ।

५. **पुलिन्दा सेवा (Parcel)** : हाल विश्वका सम्पुर्ण देशहरुबाट पुलिन्दा (Parcel) प्राप्त गर्न सकिने तथा नेपाल वाहिर ढुवानी सम्झौता भएका देश (चिन, साउदी अरेविया, नेदरल्याण्ड, बेल्जियम, डेनमार्क, कतार, जर्मनी, स्वीजरल्याण्ड, फिनल्याण्ड, वेलायत, संयुक्त राज्य अमेरिका, स्पेन, नर्वे, फ्रान्स, इटाली, स्वीडेन, अस्ट्रीया, भारत, मलेसिया, युएइ, जापान, साउथ कोरिया, सिंगापुर, थाइल्याण्ड, भियतनाम, फिलिपिन्स, न्युजिल्याण्ड, अस्टेलिया, माल्दिभ्स, इन्डोनेसिया, मकाउ, टर्की, श्रीलंका, बङ्गलादेश, ताईवान, ब्रुनांई, दक्षिण अफ्रिका र हङकंङ लगायतका ३९ देशहरु) मा EMS चिठ्ठीपत्र तथा पार्सल सहजै पठाउन र प्राप्त गर्न सकिने व्यवस्था रहेको छ । त्यसै गरी नेपालभित्रका सबै ठाउँमा पार्सल पठाउन र प्राप्त गर्न सकिने व्यवस्था रहेको छ।

६. **सामान ढुवानी सेवाः** राष्ट्रिय परिचयपत्र, राहदानी, प्यानकार्ड, कन्सुलर सेवा विभागका कागजात, इम्बोस्ड नम्बर प्लेट, राष्ट्रिय वाणिज्य बैंकबाट प्राप्त ATM CARD लगायत कागजातहरु देशैभर ढुवानी कार्य भइरहेको हुदाँ उक्त सेवा समेत सहजै लिन सकिने छ ।

७. **टिकट डिजाइन, प्रकाशन, व्यवस्थापन तथा टिकट बिक्री सेवा** : विभिन्न प्रकार तथा दररेटमा टिकट प्रकाशन, व्यवस्थापन र वितरण सेवा समेत लिन सकिने छ ।

पुनश्च : विस्तृत जानकारीका लागि हुलाक सेवा विभागको वेवसाइट www.nepalpost.gov.np र गोश्वारा हुलाक कार्यालयको वेवसाइट www.gpo.gov.np मा हेर्न तथा नजिकैको हुलाक कार्यालयमा सम्पर्क गर्नसक्नु हुनेछ ।

॥ हुलाक सेवाको प्रयोग आफूँ पनि गरौं र अरुलाई पनि यसबारेमा जानकारी गराउँ ॥

CamScanner